आज मिति २०८२ असार ९ गते सोमबारका दिन बेसीशहर नगरपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा गेट वे हिमालय रिसोर्ट बेसीशहर-७ को सभाहलमा बसेको नगरसभाको १७ औं अधिवेशनको प्रथम बैठकको उपस्थिति र निर्णय देहाय वमोजिम छ ।

नगर कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

निम्न उपस्थिति

| क्र.सं | पद | नाम थर | वडा | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | गुमान सिंह अर्याल | | |
| २ | उप प्रमुख | पद्मा गुरुङ | | |
| ३ | सचिव | चेतनाथ अर्याल | | |
| ४ | वडा अध्यक्ष | दुर्गा बहादुर बुढाथोकी | १ | |
| ५ | वडा अध्यक्ष | मदन बहादुर राना | २ | |
| ६ | वडा अध्यक्ष | चित्र बहादुर दनाइ | ३ | |
| ७ | वडा अध्यक्ष | गम बहादुर गुरुङ | ४ | |
| ८ | वडा अध्यक्ष | इन्द्र बहादुर गुरुङ | ५ | |
| ९ | वडा अध्यक्ष | प्रकाश थापा | ६ | |
| १० | वडा अध्यक्ष | ऋषिराम बस्नेत | ७ | |
| ११ | वडा अध्यक्ष | पवित्रा थापा राना | ८ | |
| १२ | वडा अध्यक्ष | खुशीजङ गुरुङ | ९ | |
| १३ | वडा अध्यक्ष | गंगा बहादुर थापा | १० | |
| १४ | वडा अध्यक्ष | शिव प्रसाद जोशी | ११ | |
| १५ | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | १० | |
| १६ | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | ३ | |
| १७ | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | ८ | |
| १८ | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | १ | |
| १९ | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | ६ | |

गुमान सिंह अर्याल
नगर प्रमुख

| क्र.सं | पद | नाम थर | वडा | हस्ताक्षर |
|---|---|---|---|---|
| २० | कार्यपालिका सदस्य | सुकमाया घर्ति | ६ | |
| २१ | कार्यपालिका सदस्य | मनिता परियार | ७ | |
| २२ | वडा सदस्य | दिपक अधिकारी | १ | |
| २३ | वडा सदस्य | डिल बहादुर गुरुङ | १ | |
| २४ | वडा सदस्य | रुपा सार्की | १ | |
| २५ | वडा सदस्य | गमान सिंह कंडेल | २ | |
| २६ | वडा सदस्य | वम बहादुर गुरुङ | २ | |
| २७ | वडा सदस्य | रिता अधिकारी | २ | |
| २८ | वडा सदस्य | लिलामाया विश्वकर्मा | २ | |
| २९ | वडा सदस्य | कृष्ण भुजेल | ३ | |
| ३० | वडा सदस्य | महेश कुमार भुजेल | ३ | |
| ३१ | वडा सदस्य | उषादेवी बराल | ३ | |
| ३२ | वडा सदस्य | हिराकुमारी मजाकोटी | ३ | |
| ३३ | वडा सदस्य | कन्याकाशी गुरुङ | ४ | |
| ३४ | वडा सदस्य | चन्द्रमान गुरुङ | ४ | |
| ३५ | वडा सदस्य | जुनसरी गुरुङ | ४ | |
| ३६ | वडा सदस्य | सलिना विश्कर्मा | ४ | |
| ३७ | वडा सदस्य | टेकराम तामाङ | ५ | |
| ३८ | वडा सदस्य | नरेन्द्र जङ गुरुङ | ५ | |
| ३९ | वडा सदस्य | डिल कुमारी गुरुङ | ५ | |
| ४० | वडा सदस्य | बविता विक | ५ | |

गुमान सिंह अर्याल
नगर प्रमुख

| क्र.सं | पद | नाम थर | वडा | हस्ताक्षर |
|---|---|---|---|---|
| ४१ | वडा सदस्य | सोम बहादुर रिमाल | ६ | [signature] |
| ४२ | वडा सदस्य | गोमा सार्की | ६ | गोमा |
| ४३ | वडा सदस्य | खड्ग बहादुर थापा | ७ | [signature] |
| ४४ | वडा सदस्य | गोविन्द बस्नेत | ७ | |
| ४५ | वडा सदस्य | अमृतलाल श्रेष्ठ | ८ | [signature] |
| ४६ | वडा सदस्य | सरोज कुमार दनाइ | ८ | [signature] |
| ४७ | वडा सदस्य | लक्ष्मी सार्की | ८ | [signature] |
| ४८ | वडा सदस्य | रवि थापा | ९ | [signature] |
| ४९ | वडा सदस्य | होमराज गुरुङ | ९ | [signature] |
| ५० | वडा सदस्य | शोभा अधिकारी | ९ | [signature] |
| ५१ | वडा सदस्य | प्रमिता विक | ९ | [signature] |
| ५२ | वडा सदस्य | किम प्रसाद गुरुङ | १० | [signature] |
| ५३ | वडा सदस्य | नारायण तामाङ | १० | नारायन |
| ५४ | वडा सदस्य | सन्तकुमारी गुरुङ | १० | [signature] |
| ५५ | वडा सदस्य | कमला परियार | १० | [signature] |
| ५६ | वडा सदस्य | विजयराज सेढाइ | ११ | [signature] |
| ५७ | वडा सदस्य | भरत बहादुर बस्नेत | ११ | [signature] |
| ५८ | वडा सदस्य | जमुना श्रेषठ | ११ | [signature] |
| ५९ | वडा सदस्य | काली सार्की | ११ | काली |

गुमान सिंह अर्याल
नगर प्रमुख

**बेसीशहर नगरपालिकाको मिति २०८२/०३/०९ को १७ औं नगरसभा अधिवेशनको प्रथम बैठकका निर्णयहरु**

**निर्णय नं १:**

बेसीशहर नगरपालिकाको आर्थिक बर्ष २०८२/८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेट नगर उपप्रमुख श्री पद्मा गुरुङबाट नगरसभाको १७ औं अधिवेशनमा पेश भई एक एक प्रति सवैलाई उपलब्ध गराइनुको साथै यस सम्बन्धमा भएको छलफलबाट प्राप्त सुझावहरुलाई नीति तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं २ :**

बेसीशहर नगरपालिकाको आर्थिक विधेयक २०८२, विनियोजन विधेयक २०८२, आर्थिक वर्ष २०८२/८३ को आन्तरिक आय अनुमान, गत आर्थिक वर्ष २०८०/८१ को यथार्थ आय व्यय, चालु आर्थिक बर्ष २०८१/८२ को प्रस्तावित र संशोधित आय व्यय अनुमान र आगामी आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित आय व्यय विवरण आजको नगरसभा बैठक समक्ष पेश भई सवै सभासदहरुलाई एक एक प्रति उपलब्ध गराइयो ।

**निर्णय नं ३ :**

प्रमुख प्रशासकीय अधिकृत श्री चेतनाथ अर्यालबाट बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को अन्तिम लेखा परीक्षण प्रतिवेदन १७ औं नगरसभा अधिवेशनको यस प्रथम बैठकमा प्रस्तुत भयो साथै विधायन समितिका संयोजक श्री हिरालाल विश्वकर्माबाट विधायन समितिबाट पारित भै नगरसभा अधिवेशन समक्ष प्रस्तुत हुने कानूनहरुको बारेमा जानकारी गराउने कार्य भयो ।

**निर्णय नं ४ :**

प्रस्तुत भएको नीति, कार्यक्रम, बजेट तथा आय-व्ययको सम्बन्धमा सभासद्हरुबाट आआफ्नो विचार, धारणा, जिज्ञासा तथा सुझाव राख्ने कार्य भयो ।

**निर्णय नं ५:**

१७ औं नगरसभा अधिवेशनको दोश्रो बैठक मिति २०८२ असार २२ गते आइतबारका दिन विहान ७.३० बजे गेट वे हिमालय रिसोर्टको हलमा बस्ने गरी आजको बैठक समापन भएको निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८२ असार २२ गते आइतबारका दिन बेसीशहर नगरपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा गेट वे हिमालय रिसोर्ट बेसीशहर-७ को सभाहलमा बसेको नगरसभाको सत्रौं अधिवेशनको दोश्रो बैठकको उपस्थिति र निर्णय देहाय वमोजिम छ ।

निम्न उपस्थिति

| क्र.स. | पद | नाम थर | वडा | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | गुमान सिंह अर्याल | | |
| २ | उप प्रमुख | पद्मा गुरुङ | | |
| ३ | सचिव | चेतनाथ अर्याल | | |
| ४ | वडा अध्यक्ष | दुर्गा बहादुर बुढाथोकी | १ | |
| ५ | वडा अध्यक्ष | मदन बहादुर राना | २ | |
| ६ | वडा अध्यक्ष | चित्र बहादुर दनाइ | ३ | |
| ७ | वडा अध्यक्ष | गम बहादुर गुरुङ | ४ | |
| ८ | वडा अध्यक्ष | इन्द्र बहादुर गुरुङ | ५ | |
| ९ | वडा अध्यक्ष | प्रकाश थापा | ६ | |
| १० | वडा अध्यक्ष | ऋषिराम बस्नेत | ७ | |
| ११ | वडा अध्यक्ष | पवित्रा थापा राना | ८ | |
| १२ | वडा अध्यक्ष | खुशीजङ गुरुङ | ९ | |
| १३ | वडा अध्यक्ष | गंगा बहादुर थापा | १० | |
| १४ | वडा अध्यक्ष | शिव प्रसाद जोशी | ११ | |
| १५ | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | १० | |
| १६ | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | ३ | |
| १७ | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | ८ | |
| १८ | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | १ | |
| १९ | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | ६ | |
| २० | कार्यपालिका सदस्य | सुकमाया घर्ति | ६ | |
| २१ | कार्यपालिका सदस्य | मनिता परियार | ७ | |
| २२ | वडा सदस्य | दिपक अधिकारी | १ | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

| क्र.स. | पद | नाम थर | वडा | हस्ताक्षर |
|---|---|---|---|---|
| २३ | वडा सदस्य | डिल बहादुर गुरुङ | १ | |
| २४ | वडा सदस्य | रुपा सार्की | १ | |
| २५ | वडा सदस्य | गमान सिंह कंडेल | २ | |
| २६ | वडा सदस्य | वम बहादुर गुरुङ | २ | |
| २७ | वडा सदस्य | रिता अधिकारी | २ | |
| २८ | वडा सदस्य | लिलामाया विश्वकर्मा | २ | |
| २९ | वडा सदस्य | कृष्ण भुजेल | ३ | |
| ३० | वडा सदस्य | महेश कुमार भुजेल | ३ | |
| ३१ | वडा सदस्य | उषादेवी बराल | ३ | |
| ३२ | वडा सदस्य | हिराकुमारी मजाकोटी | ३ | |
| ३३ | वडा सदस्य | कन्याकाशी गुरुङ | ४ | |
| ३४ | वडा सदस्य | चन्द्रमान गुरुङ | ४ | |
| ३५ | वडा सदस्य | जुनसरी गुरुङ | ४ | |
| ३६ | वडा सदस्य | सलिना विश्कर्मा | ४ | |
| ३७ | वडा सदस्य | टेकराम तामाङ | ५ | |
| ३८ | वडा सदस्य | नरेन्द्र जङ गुरुङ | ५ | |
| ३९ | वडा सदस्य | डिल कुमारी गुरुङ | ५ | |
| ४० | वडा सदस्य | बविता विक | ५ | |
| ४१ | वडा सदस्य | सोम बहादुर रिमाल | ६ | |
| ४२ | वडा सदस्य | गोमा सार्की | ६ | |
| ४३ | वडा सदस्य | खड्ग बहादुर थापा | ७ | |
| ४४ | वडा सदस्य | गोविन्द बस्नेत | ७ | |
| ४५ | वडा सदस्य | अमृतलाल श्रेष्ठ | ८ | |
| ४६ | वडा सदस्य | सरोज कुमार दनाइ | ८ | |
| ४७ | वडा सदस्य | लक्ष्मी सार्की | ८ | |
| ४८ | वडा सदस्य | रवि थापा | ९ | |

गुमान सिंह [illegible]
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

| क्र.स. | पद | नाम थर | वडा | हस्ताक्षर |
|---|---|---|---|---|
| ४९ | वडा सदस्य | होमराज गुरुङ | ९ | |
| ५० | वडा सदस्य | शोभा अधिकारी | ९ | |
| ५१ | वडा सदस्य | प्रमिता विक | ९ | |
| ५२ | वडा सदस्य | किम प्रसाद गुरुङ | १० | |
| ५३ | वडा सदस्य | नारायण तामाङ | १० | |
| ५४ | वडा सदस्य | सन्तकुमारी गुरुङ | १० | |
| ५५ | वडा सदस्य | कमला परियार | १० | |
| ५६ | वडा सदस्य | विजयराज सेढाइ | ११ | |
| ५७ | वडा सदस्य | भरत बहादुर बस्नेत | ११ | |
| ५८ | वडा सदस्य | जमुना श्रेषठ | ११ | |
| ५९ | वडा सदस्य | काली सार्की | ११ | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

# बेसीशहर नगरपालिकाको सत्रौं नगरसभा अधिवेशनको दोश्रो बैठकबाट पारित निर्णयहरु

१. नगर उपप्रमुख श्री पद्मा गुरुङबाट नगरसभाको सत्रौं अधिवेशन समक्ष मिति २०८२ असार ९ गते सोमबारका दिन पेश भएको बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट संशोधन सहित (अनुसूची १ बमोजिम) पारित गर्ने निर्णय गरियो ।

२. बेसीशहर नगरपालिकाको मध्यमकालीन खर्च संरचना (आ.व.२०८२/८३-२०८४/८५) पारित गर्ने निर्णय गरियो ।

३. बेसीशहर नगरपालिकाको गत आर्थिक बर्ष २०८०/८१ को यथार्थ आय व्यय, चालु आर्थिक वर्ष २०८१/८२ को संशोधित आय व्यय तथा आगामी आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित आय व्यय र प्रशासनिक खर्च (अनुसूची २ बमोजिम) स्वीकृत गर्ने निर्णय गरियो ।

४. बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को कुल आय बजेट तथा चालु र पूंजीगत व्यय बजेटको सार संक्षेप देहाय बमोजिम रहेको निर्णय गरियो ।

<u>देहायः</u>

| सि.नं | शिर्षक | आ.व २०८२/८३ को कुल अनुमानित आय विवरण (रु हजारमा) | अनुमानित चालु र पूंजीगत खर्च रु हजारमा | |
|---|---|---|---|---|
| | | | चालु | पूंजीगत |
| १ | नगरपालिकाको आन्तरिक आय | ६०१४५ | २५८०० | ३४३४५ |
| १.१ | आन्तरिक श्रोततर्फको आय | ३५१४५ | | |
| १.२ | चालु आ.व.बाट जिम्मेवारी सर्ने | २५००० | | |
| २ | स्थानीय राजश्व | २५४२० | १०३९० | १५०३० |
| ३ | समानीकरण अनुदान/संघीय सरकार | १३०८०० | ० | १३०८०० |
| ४ | राजश्व बाँडफाँड/संघीय सरकार | १२५७७२ | १०२२१० | २३५४० |
| ४.१ | मु.अ.कर र अन्तशुल्क | १००७२२ | | |
| ४.२ | विद्युत रोयल्टी | २५००० | | |
| ४.३ | राष्ट्रिय वन | ५० | | |
| ५ | समानीकरण अनुदान/प्रदेश सरकार | १७५६९ | ० | १७५६९ |
| ६ | राजश्व बाँडफाँड/प्रदेश सरकार | १४५८६ | ९००० | ५५८६ |
| | (क) १ देखि ६ सम्म जम्मा | ३७४२९२ | १४७४०० | २२६८९२ |

गुमान सिंह अर्याल
नगर प्रमुख

| सि.नं | शिर्षक | आ.व २०८२/८३ को कुल अनुमानित आय विवरण (रु हजारमा) | अनुमानित चालु र पूँजीगत खर्च रु हजारमा | |
|---|---|---|---|---|
| | | | चालु | पूँजीगत |
| ७ | संघीय सशर्त अनुदान चालु | ३१७७०० | ३१७७०० | ० |
| ८ | संघीय सशर्त अनुदान पूँजीगत | ५०००० | ० | ५०००० |
| ९ | संघीय विशेष अनुदान | १३९०० | १३९०० | ० |
| १० | संघीय समपुरक अनुदान | ९००० | ० | ९००० |
| ११ | प्रदेश सशर्त अनुदान | ० | ० | ० |
| १२ | प्रदेश विशेष अनुदान | ४००० | ० | ४००० |
| १३ | प्रदेश समपुरक अनुदान | ६००० | | ६००० |
| १४ | अन्य विविध (सडक बोर्ड) | १०००० | | १०००० |
| | (ख) ७ देखि १४ सम्म जम्मा | ४१०६०० | ३३१६०० | ७९००० |
| | कुल जम्मा क + ख | ७८४८९२ | ४७९००० | ३०५८९२ |
| | प्रतिशत | | ६१.०३ | ३८.९७ |

५. यस बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ का लागि करका दरहरु तथा राजश्व परिचालनका लागि बेसीशहर नगरपालिकाको आर्थिक विधेयक २०८२ स्वीकृत गर्ने निर्णय गरियो । (अनसुची ३)

६. बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को लागि संचित कोषबाट खर्च गर्ने तथा एक शिर्षकबाट अर्को शिर्षकमा रकमान्तर गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक २०८२ स्वीकृत गर्ने निर्णय गरियो । (अनुसूची ४)

७. बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को नगरस्तरीय र वडास्तरीय आयोजना तथा कार्यक्रम (अनुसूची ५ वमोजिम) स्वीकृत गर्ने निर्णय गरियो ।

८. बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को सशर्ततर्फका योजना तथा कार्यक्रम (अनुसूची ६ वमोजिम) स्वीकृत गर्ने निर्णय गरियो ।

९. आर्थिक वर्ष २०८२/८३ को नगर तथा वडास्तरीय योजनामा समावेश हुन नसकेका, समावेश भए पनि पर्याप्त बजेट विनियोजन गर्न नसकिएका अनुसूची ७ वमोजिमका आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकताको आधारमा श्रोत उपलब्ध गराउन प्रदेश तथा संघीय सरकारका निकायहरुमा सिफारिशका साथ अनुरोध गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

१०. संघीय र प्रदेश सरकारसंग दोहोरो पर्ने आयोजनाहरुमा आपसी तादम्यता मिलाउन, दोहोरोपना व्यवस्थित गर्न एवम् आवश्यक संशोधन समेत गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

११. विशेष कारणवश स्वीकृत बजेट अनुसार श्रोत उपलब्ध हुन नसक्ने परिस्थिति सिर्जना भएमा स्वीकृत योजना तथा कार्यक्रमहरुमा विनियोजित बजेट समानुपातिक तवरले समायोजन गर्न कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

१२. बेसीशहर नगरपालिकाको आ.ब २०८१/८२ मा भएका नगर कार्यपालिकाको बैठकका निर्णयहरु, आय व्यय विवरण तथा खर्च, बिभिन्न समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

१३. प्रक्रिया वमोजिम ठेक्का सम्झौता गरी सम्झौता वमोजिम काम नगर्ने, विचमा काम अलपत्र पारेर छाड्ने, सजिलो काम मात्र गरेर फरार हुने, पटक पटक म्याद थप गर्दा समेत काम नगरी बजेट फ्रिज गराईदिने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न वा अन्य आवश्यक कारवाही गर्ने विधि तयार गरी कार्यान्वयनमा जान नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

१४. बेसीशहर नगरपालिका १ र ११ स्थित मध्यमर्स्याङ्दी जलविद्युत आयोजनाको जलाशय क्षेत्रमा वर्षेनी अत्याधिक ठूलो परिमाणमा बालुवा ग्राभेल थुप्रिन गई नदिको सतह माथि माथि आउने क्रम निरन्तर चलिरहँदा एकातर्फ नदिले सडक लगायतका संरचना र सार्वजिनक तथा नीजि जग्गामा क्षति पुर्याएको तथा अर्कोतर्फ जलाशय क्षेत्र क्रमशः पुरिदै जाँदा बाँधक्षेत्र फुट्न सक्ने स्थिति रहेकोले जलाशय क्षेत्रमा जमेर बसेको ग्राभेल गिटी बालुवा हेभि मेसिनहरु प्रयोग गरी जुनसुकै समयमा पनि उत्खनन्, संकलन र विक्री गर्न मिल्ने कानूनी व्यवस्थाको लागि नेपाल सरकार र प्रदेश सरकार समक्ष अनुरोध गर्ने साथै यस सम्बन्धमा आवश्यक सहजीकरणको लागि नेपाल विद्युत प्राधिकरण मध्यमर्स्याङ्दी जलविद्युत आयोजनालाई समेत लेखी पठाउने निर्णय गरियो ।

१५. प्राकृतिक श्रोत तथा वित्त आयोगले जलविद्युतबाट प्राप्त रोयल्टी रकम बाँडफाँट गर्ने सन्दर्भमा मर्स्याङदी गाउँपालिकामां रहेको ५० मेगावटको अप्पर मर्स्याङ्दी जलविद्युत आयोजनाबाट प्राप्त रोयल्टी सो गाउँपालिकाको डाउन स्ट्रिमा जोडिएर रहेको बेसीशहर नगरपालिकाले प्राप्त गरेको नदेखिएको हुँदा उक्त आयोजनाको रोयल्टी उपलब्ध गराउनको लागि प्राकृतिक श्रोत तथा वित्त आयोग समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

१६. नगरपालिका भित्रका राजमार्ग लगायतका मुख्य र पक्की सडकहरुको दायाँबायाँ जथाभावी रुपमा सडकको नयाँ ट्र्याक खोल्दा मुख्य सडकहरुमा क्षति पुग्न गएको तथा वातावरणीय विपद् जोखिम बढेको हुँदा व्यक्तिगत वा सामुहिक जुनसुकै तवरबाट खोलिने नयाँ ट्रयाकको लागि नगरपालिकाबाट अनुमति लिनुपर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

१७. नगरपालिकामा जुनसुकै निकायबाट सञ्चालन हुने सडक लगायतका पूर्वाधार निर्माण कार्यमा प्रशस्त मात्रमा ढुंगाको आवश्यकता पर्ने तर आवश्कयतानुसार उपलब्ध हुन नसकी निर्माण कार्यमा बाधा उत्पन्न भएको तर्फ उपयुक्त समाधान निकाल्ने व्यवस्था हुन साथै बेसीशहर नगरपालिकाको ढुंगाखानीजन्य सम्भाव्यस्थलको पहिचान गरी यस सम्बन्धी प्रक्रिया अघि बढाउन नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

१८. बेसीशहर नगरपालिका भित्रका फोहरमैलाको सम्बन्धमा उपयुक्त र आवश्यक जग्गा खरिद गरी फोहरमैला प्रशोधन केन्द्र निर्माण गर्न नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

१९. बेसीशहर नगरपालिकामा कार्यरत अस्थायी तथा करार सेवातर्फका कर्मचारीहरुको म्याद थप तथा कर्मचारीहरुको सेवा सुविधा, तह मिलान तथा कार्यशर्तहरुको सम्वन्धमा निर्णय गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२०. नगरसभाबाट देहाय बमोजिको अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

क)स्वीकृत बार्षिक नगर विकास कार्यक्रम तथा बजेटलाई प्राथमिकता र आवश्यकताको आधारमा सामान्य संशोधन, थपघट, हेरफेर वा परिमार्जन गर्ने ।

ख)नगरपालिकाका श्रोतहरुको सम्भावनाको आधारमा राजश्व परामर्श समितिको सिफारिसमा सम्पति कर, दस्तुर, महसुल, शुल्कमा संशोधन तथा हेरफेर गर्ने वा नयाँ क्षेत्र पहिल्याइ कर कायम गर्ने ।

ग)नगरपालिकाको तर्फबाट लक्षित बार्षिक कार्यक्रमको उद्देश्य पुरा हुने गरि सहयोगी दातृ निकाय एवं साझेदार संघ संस्थाहरुसँग द्विपक्षीय, बहुपक्षीय सम्झौता एवं समझदारी गर्ने ।

२१. विधायन समितिबाट पारित हुँदै नगरसभा अधिवेशन समक्ष पेश भएका देहायका विधेयकहरु स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

(क)बेसीशहर नगरपालिकाको करार सेवामा कर्मचारी व्यवस्थापन गर्न बनेको विधेयक २०८२

(ख)बेसीशहर नगरपालिकाको घरजग्गा बहाल कर संकलन गर्न बनेको विधेयक, २०८२

(ग)बेसीशहर नगरपालिकाको जलश्रोतको समुचित उपयोग, संरक्षण,व्यवस्थापन, विकास र समुदायमा पर्यासफा स्वच्छ खानेपानीको व्यवस्था गर्न गराउन बनेको विधेयक, २०८२

२२. महालेखा परीक्षकको कार्यालयबाट प्राप्त बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण प्रतिवेदनले उठाएका विषयहरुमा देखिएका कमीकमजोरीलाई सुधार गर्नेतर्फ र औंल्याएका बेरुजुलाई असुलउपर तथा नियमित गरी फछ्यौंट गर्नेतर्फ आवश्यक कार्य गर्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

२३. यस कार्यालयमा कार्यरत कर्मचारीको आ.व. २०८१/८२ को बार्षिक तलबी प्रतिवेदन समर्थन गरी आर्थिक वर्ष २०८२/८३ को लागि प्रस्तावित तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

२४. नेपालको संविधान वमोजिम संघियताको मर्म र सिद्धान्त अनुसार स्थापना भएको तीन तहका सरकार मध्ये जनता र समुदायसंगको प्रत्यक्ष पहुंचमा स्थानीय तह रहेको हुंदा संघीय सरकार र प्रदेश सरकारवाट स्थानीय तहलाई दिईने समानीकरण लगायतका अनुदान वृद्धि गर्नुको सट्टा कटौती हुँदै जानु तथा सिलिङ वमोजिम बजेट समेत प्रास हुन नसक्नु दु:खद विषय भएकोले प्रभावकारी विकास र समृद्धिको लागि आगामी आर्थिक वर्षदेखि स्थानीय तहलाई उपलब्ध गराउने अनुदानमा वृद्धि गर्ने व्यवस्था हुन तथा सिलिङ बमोजिमको पुरा बजेट उपलब्ध गराउन संघीय र प्रदेश सरकारको ध्यानाकर्षण गराउने निर्णय गरियो ।

२५. संघीय र प्रदेश सरकारबाट बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको सिफारिसको आधारमा योजना तथा कार्यक्रम छनौट हुने व्यवस्थाको लागि संघीय र प्रदेश सरकारको ध्यानाकर्षण गराउने निर्णय गरियो ।

२६. संविधानको मर्म अनुसार स्थानीय तह, प्रदेश र संघीय सरकारविच श्रोतसाधन, योजना, वजेट र जनशक्ति परिचालनको लागि समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त अनुरुप अघि बढाई यसलाई प्रभावकारी, सार्थक र मूर्त रुप दिन संघीय र प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

२७. लमजुङ जिल्ला अस्पतालको आधारभूत सेवालाई सरल, सहज, चुस्त र प्रभावकारी बनाउन, विशेषज्ञ सेवालाई सदृढ र विस्तार गर्न, आवश्यक जनशक्ति र उपकरणको आपूर्ती व्यवस्था मिलाउन तथा अन्य भौतिक सुविधाहरुको स्तरोन्नति गर्न नगरपालिकाको तर्फबाट आवश्यक पहल गर्ने निर्णय गरियो ।

२८. बेसीशहर नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि वडा नं ८ स्थित जिल्ला समन्वय समितिको (साविक जिल्ला विकास समिति) को नाममा रहेको पुरानो भवन भएको जग्गाका वा बेसीशहर नपा-८ सेरामा कृषि सामाग्री संस्थानको नाउँमा रहेको जग्गा प्रासिको लागि आवश्यक प्रक्रिया अघि बढाउन नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

२९. नगरपालिकाको जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम लिलामी वा मिनाहा गर्नुपर्ने भनी एकिन भएका जिन्सी मालसामानको नियमानुसार लिलामी वा मिनाहाको प्रक्रिया अगाडि बढाउन नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

३०. उपभोक्ता समिति मार्फत सञ्चालन हुने पूर्वाधारतर्फका योजनामा कार्यालयले २.५ प्रतिशतको दरले कन्टेन्जेन्सी रकम काट्ने निर्णय गरियो ।

३१. न्यायिक समितिबाट आर्थिक वर्ष २०८१/८२ मा सम्पादन भएका कार्यहरु समेत समेटिएको न्यायिक समितिको प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

३२. नगरपालिकामा आकस्मिक रुपमा, विपद्जन्य घटनाको रुपमा तथा तुरुन्त कार्यान्वयन गर्नुपर्ने एवम् मागको आधारमा सम्बोधन गर्नुपर्ने विभिन्न आयोजना, कार्यक्रम तथा राहतजन्य सहयोगमा नगरप्रमुखको तोक आदेशबाट चालु आ.व.२०८१/८२ मा भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गरियो साथै आगामी आ.व. २०८२/८३ मा पनि नगरप्रमुखबाट उल्लेखित समेतको आवश्यकताका आधारमा तोकआदेश भई गर्ने कार्यलाई साविक झैं निरन्तरता दिने निर्णय गरियो ।

३३. चालु आ.व २०८१/८२ मा नगरप्रमुखको तोक आदेश वमोजिम भएका निर्णय तथा खर्च साथै नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट भएका अन्य प्रशासनिक निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

३४. नगर कार्यपालिका बाहेक नगर प्रमुखको अध्यक्षतामा तथा उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र विषयगत तथा अन्य समितिका संयोजकहरुको अध्यक्षतामा बस्ने बैठकमा बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

३५. वडा अध्यक्षको अध्यक्षतमा बस्ने वडा समितिको बैठकमा सहभागी हुने वडा समितिका पदाधिकारीहरु तथा सहयोगी कर्मचारीहरुले एक आर्थिक बर्षमा १५ वटा बैठक सम्मको बैठक भत्ता पाउने निर्णय गरियो ।

३६. यस बेसीशहर नगरपालिकाको क्षेत्रभित्र सार्बजनिक निर्माण, बस्तु तथा सेवाको दररेट निर्धारणको लागि साविककै दररेट समितिलाई निरन्तरता दिने निर्णय गरियो ।

३७. नगरपालिका क्षेत्र भित्र रहेका बाटो, खोला, खोल्सी, कुलो, नदीनाला तथा सार्वजनिक स्थलहरुको मापदण्ड निर्धारण गर्न सम्बन्धित वडाको वडाध्यक्ष, एक जना वडासदस्य र एक जना प्राविधिक रहेको समितिलाई निरन्तरता दिई सो प्राविधिक समितिको प्रतिवेदनको आधारमा मापदण्ड कायम गर्नको लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

३८. यस नगरपालिकामा विभिन्न पदमा करारमा कार्यरत रहेका कर्मचारीहरुसंग आ.व. २०८१/८२ मा गरिएका करार सम्झौता, पारिश्रमिक र सेवा सुविधा सम्वन्धमा गरिएका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

३९. बजार तथा बजारोन्मुख क्षेत्रमा नगरपालिका र स्थानीय समुदायको लागत साझेदारीमा सडक कालोपत्रे तथा ढलान कार्यको लागि यदि कुनै माग आएर बजेट विनियोजन हुन आवश्यक देखिएमा साविक वमोजिम नै नगरपालिकाको ६०% र स्थानीय समुदायको ४०% लागत साझेदारी रहने गरी निर्माण कार्य गराउने निर्णय गरियो ।

४०. २०८२ सम्ममा बेसीशहर नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने गरी कार्य अघि बढीरहेको सन्दर्भमा हालसम्म वडा नं १,२,४,६,१० र ११ नं वडाहरु बालमैत्री वडा घोषणा भई

गुमान सिंह अर्याल
नगर प्रमुख

सकेको सन्दर्भमा बाँकी वडाहरुले घोषणा तहमा पुग्ने गरी कार्य अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

४१. बेसीशहर नगरपालिकामा कार्यक्रम तथा बजेट पेश गर्ने देहायका गैर सरकारी संघसंस्थाहरुको आगामी आव २०८२।८३ को अनुसूची ७ वमोजिमको योजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

क. ग्रामीण सामुदायिक विकास केन्द्र, बेसीशहर, लमजुङ

ख. नमस्ते किड्स

४२. यस वेसीशहर नगरपालिकाको नगरसभाको सत्रौं अधिवेशन सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण माननीय सांसदज्यूहरु, वुद्धिजीवी, समाजसेवी, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाज, उद्यमी, व्यवसायी, नगरवासी, सञ्चारकर्मीहरु प्रति कृतज्ञता व्यक्त गर्दै नगरसभाका लागि खट्ने सम्पूर्ण कर्मचारीहरुप्रति आभार प्रकट गर्ने निर्णय गरियो ।

४३. उपरोक्त निर्णयहरु नगरसभाका सभासद्हरुको उपस्थितिमा सर्वसम्मतिवाट पारित गरी नगरप्रमुख एवं अध्यक्षज्यूको आदेशानुसार नगरसभाको सत्रौं अधिवेशन आज मिति २०८२ असार २२ गते आइतबार सुसम्पन्न गरियो ।

४४. नगरसभाको सत्रौं अधिवेशनका निर्णयहरु, आर्थिक ऐन २०८२, विनियोजन ऐन २०८२, योजना, कार्यक्रम तथा बजेट सहितको विवरण नगरप्रमुखबाट प्रमाणित गरी वेभसाइट तथा रातो किताव मार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल

नगर प्रमुख